2256

# नारायणी डेभलपमेन्ट बैंक लि.
# Narayani Development Bank Ltd.

"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"

Bharatpur-10, Chitwan, Nepal
Tel.: +977-56-590011/590012/590013
www.ndbl.com.np, info@ndbl.com.np

मिति: २०८३/०६/२८

**च.नं.:- NDBL/HO/078/083/84**

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिहंदरवार प्लाजा, काठमाण्डौ ।

**बिषय: शेयरधनी दाखिल खारेज बन्द गर्ने सम्बन्धमा ।**

महोदय,

यस नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको मिति २०८३/०६/२३ को संचालक समितिको बैठकको निर्णयानुसार २०८३/०७/२७ मा यस बैंकको २३ औं तथा २४ औं बार्षिक साधारण सभा गर्ने प्रयोजनका लागि २०८३/०७/१३ गते शुक्रबार १ (एक) दिनको लागी शेयरधनी दाखिल खारेज बन्द गर्ने निर्णय भएको हुदा उक्त दिन **शेयरधनी दाखिल खारेज बन्द गरी सहयोग गरिदिनुहुन** निर्णयानुसार अनुरोध गर्दछु ।

भवदीय,

.........
पशुपति पौडेल
प्रमुख कार्यकारी अधिकृत

**बोधार्थ:**
१. श्री नेपाल धितोपत्र वोर्ड, खुमलटार, ललितपुर ।
२. श्री सि.डि.एस. एण्ड क्लियरीङ्ग लि., पुतलीसडक, काठमाण्डौ ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन बिभाग, वालुवाटार, काठमाण्डौ ।
४. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरीवेक्षण बिभाग, वालुवाटार, काठमाण्डौ ।
५. ग्लोवल आइएमइ क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौ ।

# नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको

## २३ र २४औं वार्षिक साधारण सभा सम्बन्धी सुचना

संचालक समितिको मिति २०८३/०६/२३ को निर्णयानुसार यस कम्पनीको २३ र २४औं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल गर्न बोलाउने निर्णय भएको हुनाले शेयरधनीहरुको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ।

**साधारण सभाको मिति, समय,स्थान**

मिति : २०८३/०७/२७

बार : शुक्रवार ।

समयः बिहान ११:०० बजे।

स्थान : स्मार्ट गार्डेन एण्ड रेष्टुरेन्ट प्रा.लि., बसन्त चोक, भरतपुर १२, चितवन।

**(क) साधारण प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८०/०८१ र २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदनसहित आर्थिक वर्ष २०८०/०८१ र २०८१/०८२ को क्रमशः २०८१ असार मसान्त र २०८२ असार मसान्त सम्मको वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरू समेत समावेश भएको वित्तीय विवरणहरू उपर छलफल गरी पारित गर्ने।

३. लेखापरीक्षण समितिको सिफारिस तथा प्रचलित कम्पनी ऐन, २०६३ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षणका लागि संचालक समितिबाट नियुक्त लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक/शुल्क अनुमोदन गर्ने।

४. लेखापरीक्षण समितिको सिफारिसमा आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षण गर्न प्रचलित कानूनबमोजिम नियुक्त हुने लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक/शुल्क निर्धारण गर्ने।

५. प्रचलित कानून तथा बैंकको प्रबन्धपत्र र नियमावली बमोजिम रिक्त सञ्चालक पदमा सञ्चालक समितिबाट नियुक्त गरिएका संचालकहरुको नियुक्ति अनुमोदन गर्ने।

६. विविध।

**(ख) विशेष प्रस्ताव**

१. कम्पनीको नियमावली संशोधन गर्ने।

२. पूँजी बृद्धी गर्ने सम्बन्धमा, विद्यमान हकप्रद शेयर निष्काशनबाट बिक्री हुन बाँकी शेयरको लिलाम प्रक्रिया नियमानुसार सम्पन्न भएपछि, नेपाल राष्ट्र बैंकबाट यस बैंकलाई तोकिएको न्यूनतम चुक्ता पूँजी कायम गर्न आवश्यक पर्ने रकम बराबरको चुक्ता पूँजी वृद्धि गर्न नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड तथा अन्य सम्बन्धित नियामक निकायबाट आवश्यक स्वीकृति प्राप्त गर्न प्रचलित कानून तथा नियामकीय व्यवस्था बमोजिम आवश्यकता अनुसार हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धी सम्पूर्ण प्रक्रिया अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।

३. गाभ्ने/गाभिने, प्राप्ति/समाहित तथा रणनीतिक साझेदारी सम्बन्धमा, यस नारायणी डेभलपमेन्ट बैंक लिमिटेडलाई अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थासँग गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति/समाहित (Acquisition) गर्ने, आवश्यकताअनुसार रणनीतिक साझेदार तथा नयाँ लगानीकर्ता भित्र्याउने लगायत बैंकको पूँजी, व्यवसाय तथा संस्थागत क्षमता अभिवृद्धि गर्ने प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्था, रणनीतिक साझेदार तथा लगानीकर्ताको पहिचान गर्ने, आवश्यक छलफल तथा वार्ता गर्ने, समझदारीपत्र (Memorandum of Understanding – MoU) मा हस्ताक्षर गर्ने, त्यसका आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक तथा अन्य सम्बन्धित नियामक निकायमा आवेदन/निवेदन पेश गर्ने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence/Valuation) गर्ने प्रयोजनका लागि आवश्यक परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षक नियुक्त गर्ने, निजहरूको पारिश्रमिक/शुल्क निर्धारण गर्ने तथा प्रचलित कानून र नियामकीय स्वीकृतिको अधीनमा रही उक्त कार्यसँग सम्बन्धित आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।

४. प्रबन्धपत्र तथा नियमावली संशोधन सम्बन्धमा, बैंकको आवश्यकता, व्यवसायिक संरचना तथा प्रचलित कानूनअनुसार बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन, थपघट तथा परिमार्जन गर्ने र सो सम्बन्धमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितो पत्र बोर्ड वा अन्य सम्बन्धित नियामक निकायबाट कुनै सुझाव, निर्देशन वा संशोधन गर्नुपर्ने भएमा सोहीबमोजिम आवश्यक संशोधन, थपघट तथा परिमार्जन गर्न सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने।

५. विविध।

**२३औं र २४औं बार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरुः**

१. २३ र २४औं वार्षिक साधारण सभा प्रयोजनका लागि २०८३/०७/१३ गते शुक्रवार एक (१) दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द रहनेछ। मिति २०८३/०७/१२ गते सम्म नेपाल स्टक एक्सचेञ्जमा कारोबार भई प्रचलित कानून बमोजिम बैंकको शेयर रजिष्ट्रार ग्लोबल आइ.एम.इ क्यापिटल लिमिटेडमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरु मात्र साधारण सभामा भाग लिन हाजिर गर्न योग्य हुनेछन्।

२. बार्षिक साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधी नियुक्त गर्न चाहाने शेयरधनी महानुभावले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा वार्षिक प्रतिवेदन पुस्तिकामा प्रकाशित ढाचामा प्रतिनिधिपत्र (प्रोक्सी) भरी प्रतिनिधि नियुक्त गर्नुपर्नेछ। यसरी नियुक्त प्रतिनिधिले कम्तीमा ४८ घण्टा अगावै बैंकमा प्रतीनिधिपत्र (प्रोक्सी) दर्ता गरीसक्नु पर्नेछ।

३. शेयरधनी, लेखापरीक्षक र कानुनी सल्लाहकार बाहेकका ब्यक्तिहरु सभामा ग्राह्य हुने छैनन।

४. २३ र २४औं साधारण सभा सम्बन्धी थप जानकारीको लागी यस बैंकको केन्द्रीय कार्यालय भरतपुर १०, चितवनमा सम्पर्क गर्नु हुन वा बैंकको सूचना पाटीमा उल्लेखित ब्यहोराको जानकारी लिनु हुन अनुरोध गरिन्छ।

अध्यक्षज्यूको आज्ञाले

कम्पनी सचिव

नारायणी डेभलपमेन्ट बैंक लि.
Narayani Development Bank Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"
Bharatpur-10, Chitwan, Nepal
Tel.: +977-56-590011/590012/590013
www.ndbl.com.np, info@ndbl.com.np